# प्रदेश लोक सेवा आयोग

प्रदेश नं. ५, बुटवल, नेपाल

वर्ष-१, अङ्क १ | **समाचार पत्र** अर्ध वार्षिक | श्रावण-पौष २०७६


**प्रदेश लोक सेवा आयोगले आफ्नो स्थापना पछि अर्धवार्षिक अवधिमा सम्पन्न गरेका मुख्य-मुख्य कार्यहरु र केही सान्दर्भिक लेख रचना सहित पहिलो अंकका रुपमा यो अर्धवार्षिक समाचार पत्र प्रकाशन गरेको छ । यस प्रकारको काममा यो आयोगले पहिलो पटक यो सामग्री यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा आयोगले गौरवको अनुभूति गरेको छ । यो पहिलो समाचार पत्र यहाँहरुको हातमा छ । आगामी अंकहरुमा यहाँहरुको सुझाव सल्लाह सहित परिस्कृत गर्दै अझै स्तरीय बनाउने प्रयास आयोगले गर्नेछ । यस अंकमा रहेको विषयवस्तुहरु देहाय बमोजिम छन् ।**


१. योग्यता, स्वच्छता तथा निष्पक्षताको जगमा उत्कृष्टता प्रदेश लोक सेवा आयोगको प्रतिवद्धता

२. प्रदेश लोक सेवा आयोगको भावी कार्यदिशा

३. प्रदेश लोक सेवा आयोगका गतिविधिहरु

४. कर्मचारी प्रशासनमा लोक सेवा आयोगः अभ्यास, उपलब्धि र सुधार

५. सूचना प्रविधि तथा यसको प्रयोग

६. केही कार्यक्रमका झलकहरु





आयोगको भवन



आयोगका मौजुदा पदाधिकारी तथा कर्मचारीहरु

## योग्यता, स्वच्छता तथा निष्पक्षताको जगमा उत्कृष्टता प्रदेश लोक सेवा आयोगको प्रतिवद्धता


**माननीय प्रा. डिलाराम भट्टराई,**
**अध्यक्ष**


मुलुकभर सवै ठाउँमा योग्य कर्मचारीहरु भर्ना हुन् भनी नेपाल सरकार वैधानिक कानून २००४ अनुसार एक दरखास्त परिषद् खडा गरिएको थियो । तर उक्त वैधानिक कानून लागू हुन सकेन । प्रजातन्त्रको स्थापना पछि नेपालको अन्तरिम शासन विधान २००७ धारा ६४ मा नेपालको निमित्त एक पब्लिक सर्भिस कमिसन (लोक सेवा आयोग) रहनेछ भन्ने उल्लेख भए अनुसार नेपाल पब्लिक सर्भिस कमिसनको २००८ साल असार १ गते विधिवत् रुपमा स्थापना भएको थियो । उक्त विधानको धारा ६७ अनुसार सरकारका सवै जागिरदारमा भर्नाका निम्ति जाँच गर्नु साथै निजामती जागिरदारको भर्ना गर्ने तरिका, नियुक्ति, सरुवा, वढुवा गर्ने सिद्धान्त एवं अनुशासन सम्वन्धी सवै विषयमा सल्लाहा लिनु पर्ने व्यवस्था गरिएको थियो । यसै गरी समय अन्तरालमा नेपालका संविधानहरुमा लोक सेवा आयोगको दायरा फराकिलो वनाउदै गएको पाइन्छ ।

नेपालको संवैधानिक विकासक्रममा पहिलो पटक वि.सं. २०७२ सालमा संविधान सभाबाट निर्मित नेपालको संविधान सङ्घीय संरचना अनुरुप जारी गरिएको छ नेपालको संविधान धारा २४२ मा लोक सेवा आयोग संघमा रहने व्यवस्था रहेको छ र धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्वन्धी व्यवस्था गरिएको छ । यस व्यवस्था अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम रहनेछ र यसको प्रयोजनको लागि संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने भन्ने उल्लेख गरिएको छ ।

नेपालको संविधानको धारा २४४ को व्यवस्था अनुसार संघीय संसदले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्वन्धी आधार र मापदण्डको विधेयक २०७५ पारित गरी सकेपछि त्यसैको आधारमा प्रदेश नं. ५ को प्रदेश सभाबाट सर्वप्रथम अरु ६ प्रदेश भन्दा पहिला प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित गरेपछि उक्त ऐनको आधारमा २०७६ साल साउन २८ गते प्रदेश लोक सेवा आयोग प्रदेश नं. ५ को स्थापना रुपन्देही जिल्लाको बुटवलमा भएको छ ।

प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन बमोजिम प्रदेश निजामती सेवा , प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई समयानुकुल रुपान्तरित सक्षम, सुदृढ र सेवामुखी वनाउनका लागी प्रदेश लोक सेवा आयोगको गठन गर्ने प्रस्तावनामा उल्लेख गरिएको छ । प्रदेश लोक सेवा आयोग गठनका लागि प्रदेश मुख्यमन्त्री अध्यक्ष र प्रदेश सभाका सभामुख तथा प्रदेश सभाको विपक्षी दलको नेता सदस्य रहने गरी तीन जनाको सिफारिस समितिको सिफारीसको आधारमा अध्यक्ष सहित एक जना महिला रहने गरी तीन जना सदस्य रहने गरी प्रदेश लोक सेवा आयोग गठन गर्ने व्यवस्था गरिएको छ । प्रदेश निजामती सेवा र स्थानीय

सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा संचालन गर्नु तथा प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा साथै संगठित संस्थाको पदमा पदपूर्तिको लागि लिइने लिखित परीक्षा संचालन गर्ने आयोगको काम, कर्तव्य रहने छ । प्रदेश लोक सेवा आयोगले स्वच्छता, निपक्षता तथा योग्यता प्रणालीका आधारमा छनौट भएका उम्मेदवारहरुलाई सेवामूखी तथा जनमुखी राष्ट्र सेवकलाई सम्वन्धित मन्त्रालय, विभाग, निर्देशनालय तथा कार्यालय र स्थानीय तहहरुमा सिफारिस समेत गर्नेछ । अन्य कानूनले तोकिएका विषयहरुमा समेत काम गर्ने छ ।

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा वढुवा तथा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगले प्रदेश सरकार तथा स्थानीय तहहरुलाई परामर्श दिने प्रावधान रहेको छा संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी कानून तथा त्यस्तो सेवाका पदमा बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा सम्वन्धित संगठित संस्थाहरुलाई प्रदेश लोक सेवा आयोगले परामर्श दिने व्यवस्था ऐनमा गरिएको छ । प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा वढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा साथै अन्य कानूनले तोकिएका विषयमा समेत परामर्श दिने छ ।

प्रदेश लोक सेवा आयोगले प्रदेश सरकार तथा स्थानिय तहको उतकृष्ट र सेवामुखी कर्मचारीहरुको अपेक्षा गरे बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठीत संस्थाको सेवा स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदपूर्तीको लागि स्वच्छ, निष्पक्ष र विश्वसनीय हुने गरी योग्यता प्रणालीको आधारमा प्रचलित कानून बमोजिम समावेशी तथा समानुपातिक सिद्धान्त समेत अवलम्वन गरी उम्मेदवारको छनौट गरी सिफारिस गर्नेछ । जन विश्वासको धरोहरको रुपमा रहेको आयोगलाई निष्पक्षता, स्वच्छता तथा योग्यताको कसीमा समयानुकूल पाठ्यक्रम निर्माण गरी निष्पक्ष तथा वैज्ञानिक परीक्षण विधि अपनाई सम्पूर्ण जन समुदायबाट सहभागी भएका योग्य उम्मेदवारको मूल्यांकन गरी प्रदेश सरकार तथा स्थानीय तहहरुलाई योग्य चुस्त, दुरुस्त, उत्कृष्ट, स्वच्छ चरित्र तथा जनसेवी भावना भएका कर्मचारीको छनौट गर्ने काम प्रदेश लोक सेवा आयोगले गर्ने प्रतिवद्धता गर्दछ। योग्यता, स्वच्छता र निष्पक्षताको जगमा उत्कृष्ठताको मापन गरी प्रदेश सरकार र स्थानिय तहरुलाई चाहिने जनशक्तिको सिफारिश गर्ने कार्यमा प्रदेश लोक सेवा आयोग प्रतिवद्ध छ । यस आयोगलाई प्रदेश सरकार, स्थानीय तहहरु एवं सबै सरोकारवालाबाट अपेक्षित सहयोग प्राप्त हुने कुरामा आयोग सदैव विश्वस्त रहेको छ ।

**आयोगको ठेगाना:**
प्रदेश लोक सेवा आयोग
प्रदेश नं. ५, बुटवल, नेपाल
सम्पर्क नं. ०७१-५४१०६२
वेवसाइटः www.ppsc.p5.gov.np
इमेलः loksewa.p5@gmail.com

## प्रदेश लोक सेवा आयोगको भावी कार्यदिशा

**माननीय बावुराम गौतम**
**सदस्य**

कुनै पनि सरकारले आफ्नो कर्मचारीतन्त्र मार्फत नीतिहरु लागू गर्दै राज्य सञ्चालन गर्दछ । निर्वाचित जनप्रतिनिधिहरुले जनताबाट प्राप्त जनादेश बमोजिम आफ्ना घोषणापत्रमा निर्वाचनका वेला अगाडि सारिएका प्रतिवद्धताबाट कार्ययोजना बनाउने र ती कार्ययोजनाहरुलाई स्थायी संयन्त्रका रुपमा रहेको कर्मचारीतन्त्रद्वारा कार्यान्वयन गर्ने प्रचलन रहेको छ । विद्वान O.Glenn Stahl ले कर्मचारीको स्तरभन्दा सरकारको स्तर माथि हुन नसक्ने अवधारणा अगाडि सारेको पाइन्छ; किनभने कर्मचारीमा रहेको ज्ञान, सीप र असल व्यवहार जति स्तरीय हुन्छ त्यति नै स्तरीय रुपमा सरकारका नीतिहरु कार्यान्वयन गर्दै कर्मचारीतन्त्रले सेवा प्रवाह गर्न सक्दछ भन्ने मान्यता हो । यसकारण राजनैतिक नेतृत्वको सरकारका घोषणाहरुलाई व्यवहारमा उतार्ने वा कार्यान्वयन गर्ने जिम्मा लिएको कर्मचारीतन्त्र जनमुखी, सीपयुक्त, ज्ञानवान्, व्यवहारिक र सेवा प्रवाहमा मितव्ययी एवं चुस्त हुनु पर्दछ र निर्वाचित जनप्रतिनिधिको लक्ष्यलाई सहज, स्वभाविक एवं प्रश्नरहित ढंगले कार्यान्वयन गर्न सक्नु पर्दछ । यो राजनैतिक नेतृत्वका लागि स्थापित परम्परागत वैधानिक सल्लाकार नै हो ।

इतिहासतिर दृष्टि दिने हो भने राज्यसञ्चालनमा महत्वपूर्ण माध्यमका रुपमा रहेको कर्मचारीतन्त्र नातावाद र कृपावादबाट चलेको पाइन्छ । यसको तात्पर्य राजनेताहरु सरकारमा गएपछि आफ्ना पार्टी समर्थक वा नातेदार विश्वासपात्रहरुलाई नियुक्ति गरेर शासन सञ्चालन गर्दथे । पहिलो पटक चिनिया दार्शनिक कन्फ्युसियसले इसापूर्व छैठौ सताब्दीमा प्रशासन योग्यतम व्यक्तिहरुद्वारा सञ्चालन गर्नु पर्दछ भन्दै Administrative meritocracy को वकालत गरे र नौ थरी पदहरु र तिनका योग्यताको निर्धारण गरेर पैतृक पदप्रतिष्ठाका आधारमा भन्दा योग्यताका आधारमा कर्मचारी भर्ना गर्ने मान्यता राखे । चीनमा हान र क्वीन वंशीय राजाहरुले प्रस्तुत विचारको पालना गरे ।
संयुक्त राज्य अमेरिकामा सन् १८८१ मा रोजगारीको खोजीमा रहेका एक प्रतिभाशाली व्यक्तिले राष्ट्रपति James Garfield को हत्या गरेपछि प्रचलित Spoil System मा ठूलो परिवर्तन भयो । यसपछि Pendalton Civil Service Reform Act आयो र Spoil System का स्थानमा परीक्षा गराई योग्यहरुलाई भर्ना गर्ने योग्यता प्रणाली (Merit System) को शुरुवात भयो । यो प्रणालीको अवलम्वन क्रमशः यूरोप, अष्ट्रेलिया र एशियाका देशहरुले गरे भने वेलायतको जस्तो कर्मचारीतन्त्र भारतमा पनि लागू गरियो । नेपालमा वि.सं. २००८ मा पब्लिक सर्भिस कमिसनको स्थापना र १०१३ मा निजामती सेवा ऐन आएपछि योग्यता प्रणाली भित्राउने काम भई क्रमशः नेपालको निजामती सेवामा पूर्णरुपमा योग्यता प्रणालीको अवलम्वन गरिएको छ । लोक सेवा आयोगले यसको कार्यान्वयन गरिरहेको छ ।

नेपालको संविधानको धारा २४४ मा प्रदेशमा प्रदेश लोक सेवा अयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था भए बमोजिम संघीय संसदले तोकेको मापदण्ड अनुसार प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बनाई कार्यान्वयनमा आइसकेको छ । यस ऐनको प्रस्तावनामा राखिएको उद्देश्यले नै प्रदेश लोक सेवा आयोगको मार्गचित्र प्रशस्त गरको छ । यसको प्रस्तावनामा "प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई समायानुकूल

रुपान्तरित सक्षम, सुदृढ र सेवामुखी बनाउन" भनिएको हुँदा उल्लिखित सेवाका पदहरुमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता र निष्पक्षता कायम गर्दै योग्यता प्रणालीलाई प्रवर्द्धन गर्नु प्रदेश लोक सेवा आयोगको मूल उद्देश्य हो र यसका माध्यमबाट सार्वजनिक प्रशासनलाई अहिलेको समय अनुकूल रुपान्तरिक, सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्य लिइएको छ । स्वच्छ र निष्पक्ष रुपमा परीक्षाहरु सञ्चालन गरेर योग्यताका आधारमा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्ने र प्रदेश सार्वजनिक प्रशासनलाई योग्यतम कर्मचारीको माध्यमबाट समयानुकूल रुपान्तरित सक्षम, सुदृढ र सेवामुखी वनाउने कार्यसँग सम्वन्धित रहेर नै प्रदेश लोक सेवा आयोगको मार्गचित्र निर्धारित हुन्छ । अतः योग्यता प्रणालीको आधारमा प्रदेश सार्वजनिक प्रशासनमा कर्मचारीको नियुक्तिको लागि निष्पक्ष र स्वच्छ रुपमा परीक्षाहरु सञ्चालन गरी योग्यतम उम्मेदवारहरुलाई नियुक्तिको लागि सिफारिस गर्ने मुख्य कार्य सम्पादन गर्नुका साथै यसले ऐन कानूनले दिएका अन्य जिम्मेवारी पूरा गर्न निम्न अनुसार कार्य गर्नु पर्दछ।



रुपन्देही जिल्लाको भैरहवामा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रम पश्चात ।

**उपयुक्त कर्मचारी प्राप्ति र परिचालन:**

प्रदेश लोक सेवा आयोग भर्खरै गठन भएको र आयोगमा पदाधिकारीहरु रहने र आयोगको काम कर्तव्यलाई प्रभावकारी रुपमा पूरा गर्न आयोगको कामप्रति प्रतिवद्ध, आस्थावान् एवं उत्प्रेरणायुक्त कर्मचारी आवश्यक पर्ने हुँदा प्रदेश सरकारबाट उपयुक्त कर्मचारीको प्राप्ति आवश्यक देखिन्छ । ती कर्मचारीहरुको परिचालनबाट आयोगले आफ्नो कार्यसम्पादन गर्न सक्दछ । आयोगको कार्यालयमा हाल ६ जना कर्मचारी, हलुका सवारी चालक २ र कार्यालय सहयोगी २ गरी जम्मा १० जना कार्यरत रहनु भएको र यसलाई पूर्ण कार्य गर्न आवश्यक हुने कर्मचारी प्रस्ताव गरी प्रदेश सरकारमा पठाइएको छ ।

**कानून निर्माण:**

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लागू भैसकेको,

प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ र प्रदेश लोक सेवा आयोगको आचारसंहिता, २०७६ स्वीकृत गरेको, प्रदेश लोक सेवा आयोग निर्देशिका तयारी क्रममा रहेको ।

**कार्यविवरण प्राप्ति तथा पाठ्यक्रम निर्माण:**

प्रदेश लोक सेवा आयोगले सबै काम शून्यबाट प्रारम्भ गर्नु पर्ने अवस्था रहेको र परीक्षा सञ्चालनको मुख्य आधार प्रदेशमा रहने विभिन्न सेवा, समूह, उपसमूहहरुको तहहरुमा रहने विभिन्न पदहरुको पाठ्यक्रम हो । पाठ्यक्रम निर्माणको आधार पदहरुले गर्ने कार्यविवरण हो । प्रदेश सरकारकाले मस्यौदा गरेको प्रदेश निजामती सेवा ऐनमा प्रस्ताव गरिएका प्रदेश र स्थानीय तहका पदहरु, संघीय सरकारबाट प्रदेश सरकारमा समायोजन भई आएका विभिन्न पदहरुको कार्यविवरणलाई आधार मानी पाठ्यक्रम वनाउने नीति लिए अनुरुप २०७६।८।१५ गते प्रदेश सरकारसँग आयोगले कार्य विवरण र शैक्षिक योग्यता पठाइदिन पत्राचार गरी अनुरोध गरेको छ भने बार जिल्ला समन्वय समितिहरु मार्फत प्रदेश अन्तर्गतका सवै स्थानीय तहहरुमा ती तहहरुद्वारा स्वीकृत भएका विभिन्न पदहरुको कार्य विवरण पठाइदिन अनुरोध गरेको छ ।

**विज्ञको रोष्टर तयारी**

आयोगले विज्ञहरुमार्फत आफ्ना कार्यहरु गराउने हुँदा विज्ञहरुको विवरण लिई रोष्टर तयारी गर्ने कार्य गरिरहेको छ र भविष्यमा विज्ञ विवरण लिने र अध्यावधिक गर्ने कार्य जारी राख्नेछ ।

**कार्यालय भवन र बजेट व्यवस्था:**

पर्याप्त स्थान पुग्ने गरी कार्यालयको व्यवस्था

उपयुक्त प्रविधिको उपयोग र साधनको व्यवस्था

अनलाईन दरखास्त संकलन, OMR परीक्षण प्रणाली, website निर्माण आदि प्राविधिक कार्यको चाँजोपाँजो मिलाउनु पर्ने ।

**प्रदेश सरकार र स्थानीय तहहरुबाट रिक्त पदहरुको माग संकलन गर्ने कार्य:**

प्रतिशत निर्धारण गर्ने, विज्ञापन गर्ने, प्रश्नपत्र निर्माण गर्ने, प्रश्नपत्र परिमार्जन गर्ने र संकेतीकरण गरी प्रश्नपत्र बैंकमा राख्ने

परीक्षा सञ्चालन, लिखित, प्रयोगात्मक, सीप परीक्षण परीक्षा सञ्चालन

सामूहिक छलफल, अन्तर्वार्ता,

योग्यताका आधारमा नियुक्तिका लागि सिफारिस गर्ने,

नियुक्तिका लागि सिफारिस गरिएका उम्मेदवारहरुलाई नियुक्ति दिए पछि गर्नु पर्ने कार्यका वारेमा तालिम दिन प्रदेश सरकारलाई अनुरोध गर्ने,

प्रदेश लोक सेवा आयोगले प्रदेश स्तरको कर्मचारी निकाय (Provincial Personnel Agency) का रुपमा काम गर्ने हुँदा कर्मचारीको मनोवल उच्च राख्न प्रदेश सरकारलाई र स्थानीय तहहरुलाई कर्मचारीहरुलाई तालिम दिन, उनीहरुको विकास र उत्प्रेरणा एवं स्तर कायम गर्न, उपयोग गर्न र सेवामा आकर्षण दिन विभिन्न माध्यमबाट निरन्तर सुझाव दिने,

आयोग स्वयंले गर्न सक्ने विभिन्न पक्षहरुमा कार्यक्रमहरु सञ्चालन गर्ने,

कर्मचारीहरुको ज्येष्ठता र अनुभव एवं कार्यक्षमता मूल्यांकनबाट गरिने बढुवा प्रकृयामा आयोगको संलग्नता रहने,

विभिन्न विषयमा प्रदेश सरकारलाई परामर्श दिने,

कानून बमोजिम निरीक्षण गरी प्राप्त सुझावहरु सम्वन्धित निकायमा पठाई सुधारका लागि निरन्तर प्रयासरत रहने ।

## प्रदेश लोक सेवा आयोगका गतिविधिहरु

**सुर्य प्रसाद भुसाल,**
**नि. सचिव**

**पृष्ठभूमि:**

"नेपालको संविधान"को धारा २४४ मा प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था भए बमोजिम प्रदेश सभाबाट मिति २०७६।२।२१ मा प्रमाणीकरण भएको प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ३ बमोजिम प्रदेशमा लोक सेवा आयोगको गठन भई बुटवलमा स्थापना भएको छ । स्थापना कालदेखि हालसम्मका मुख्य मुख्य कार्यहरू यस प्रकार छन् ।:

**१.अध्यक्षको सपथ र पदभार ग्रहण**

मा.मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रदेश सभाका मा.सभामुख एवं विपक्षी दलको नेता सहितको तीन सदस्यीय सिफारिस समितिले गरेको सिफारिस वमोजिम प्रदेश प्रमुखबाट आयोगको अध्यक्षमा नियुक्त हुनु भएका प्रा. डिलाराम भट्टराईले मिति२०७६।४।२८ गते उच्च अदालत तुल्सीपुरका माननीय मुख्य न्यायाधीश रमेश पोखरेलबाट पद तथा गोपनीयताको सपथ ग्रहण गर्नु भई सोही मितिदेखि पद वहाली गर्नु भएको थियो ।

**२. सदस्यको सपथ तथा पदभार ग्रहण**

प्रदेश लोक सेवा आयोगको सदस्य पदमा नियुक्त हुनु भएका बाबुराम गौतमले मिति २०७६।७।२५ गते प्रदेश प्रमुखको समुपस्थितिमा आयोगका अध्यक्ष प्रा. डिलाराम भट्टराईबाट पद तथा गोपनीयताको सपथ ग्रहण गर्नु भई सोही मितिदेखि पदवहाली गर्नु भयो ।

प्रदेश लोक सेवा आयोग ऐन २०७६मा उल्लिखित प्रावधान अनुसार प्रदेश लोक सेवा आयोगमा महिला सहित एकजना अध्यक्ष र दुईजना सदस्य गरी जम्मा तीन जना पदाधिकारी रहने व्यवस्था छ ।

**३. प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ निर्माण**

प्रदेश लोक सेवा आयोग गठन भई कार्यारम्भ भएपछि आयोगको ऐनको दफा ६१ ले दिएको अधिकार प्रयोग गरी आयोगको नियमावलीको मस्यौदा तयार गर्ने क्रममा मिति २०७६ मार्ग ४ गते बुटवल उपमहानगरपालिकाको सभाहलमा सरोकारवालाहरूसँग अन्तरक्रिया गरी सुझाव संकलन गरियो । प्राप्त सुझाव समेत समावेश गरी उक्त मस्यौदामा प्रदेशस्तरमा मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा गठित कानून मस्यौदा सुझाव कार्यदलमा छलफल भई आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई आयोगबाट स्वीकृत भएको छ ।

**४. दक्ष/विज्ञ/विशेषज्ञको रोष्टर (सूची) तयारी:**

प्रदेश लोक सेवा आयोगले विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, अन्तरवार्ता संचालन लगायतका गोप्य कार्यहरू गर्नको लागि आवश्यक पर्ने दक्ष/विज्ञ/विशेषज्ञहरूको रोष्टर तयार गरिरहेको छ । आयोगको वेवसाइट, पत्राचार र स्थलगत भ्रमणका माध्यमबाट विभिन्न क्षेत्रका अनुभवी, दक्ष र विज्ञ एवं विशेषज्ञहरूको नाम संकलन गरिएको छ । यस्तो रोष्टरको सूची बनाउने तथा अद्यावधिक गर्ने काम निरन्तर भइरहन्छ ।

**५. प्रदेश स्तरमा गोष्ठी संचालन:**

प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य, संगठन संरचना र भावी कार्यदिशा सम्बन्धमा २०७६ मार्ग २४ गते माननीय मुख्यमन्त्रीको प्रमुख आतिथ्यमा प्रदेशस्तरको गोष्ठी संचालन भयो । उक्त गोष्ठीमा नेपाल सरकारका पूर्व सचिव एवं लोक सेवा आयोगका निवर्तमान सदस्य डा. गोविन्द प्रसाद कुसुम तथा प्रदेश लोक सेवा आयोगका सदस्य श्री बाबुराम गौतमबाट कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । सो गोष्ठीमा माननीय सभामुख, माननीय मन्त्रीहरू, माननीय उपसभामुख, प्रदेश सभाका विभिन्न समितिका माननीय सभापतिहरू, प्रदेश सरकारका प्रमुख सचिव, मुख्यन्यायाधिवक्ता, प्रदेश योजना आयोगका उपाध्यक्ष, प्रदेश सरकारका सचिवहरू एवं अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।



**६. लोक सेवा आयोगसँग समन्वय:**

मिति २०७६।६।१६ मा लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनाली, माननीय सदस्य कृष्णचन्द्र झा तथा सचिवले यस आयोगको निरीक्षण भ्रमण गर्नु भएको र उक्त अवसरमा आयोगका काम, कार्यवाही सम्बन्धी विभिन्न विषयमा छलफल गरिएको थियो । यस अघि २०७६।५।२३ गते लोक सेवा आयोगका माननीय सदस्य श्री अशोककुमार झासंगै आयोगका वरिष्ठ मनोविज्ञानवेत्ता सहितको टोलीबाट आयोगको कामकारवाही वारेमा सुझाव र सल्लाह प्रदान गर्नु भएको थियो । साथै प्रदेश लोक सेवा आयोगबाट पनि विभिन्न समयमा लोक सेवा आयोग, काठमाण्डौसँग छलफल तथा अन्तरक्रिया गर्ने कार्य भैरहेको छ ।

**७. अन्तरक्रिया गोष्ठी संचालन:**

आयोगको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम यस प्रदेशमा रहेका १२ओटै जिल्लाका जिल्ला समन्वय समितिको कार्यालयको समन्वयमा प्रदेश सरकार मातहतका विभिन्न कार्यालय र स्थानीय तह हरूसँग अन्तरक्रिया गोष्ठी संचालन गर्ने शुरू गरेको छ ।

हालसम्म रूपन्देही, नवलपरासी, कपिलवस्तु जिल्लाहरूमा यस्ता गोष्ठीहरू संचालन भईसकेका छन् भने बाँकी जिल्लाहरूमा आगामी फाल्गुन महिनाभित्र संचालन गर्ने गरी तयारी भइरहेको छ ।

**गोष्ठीका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेको छन् ।**

* आयोग स्थापना र यसका काम, कर्तव्य एवं भावी कार्यदिशाका सम्बन्धमा जानकारी गराउने,
* प्रदेश सरकारका कार्यालय र स्थानीय तहहरूमा कर्मचारी व्यवस्थापन बारेमा छलफल गर्ने,
* पदपूर्तिको अवस्था र पदपूर्ति सम्वन्धमा देखिएका समस्या पहिचान गर्ने,
* स्थानीय तहहरूको संगठन संरचनाका सम्बन्धमा छलफल गर्ने,
* कर्मचारीहरूको कार्यविवरण तथा शैक्षिक योग्यता वारेमा छलफल गर्ने,
* कर्मचारीहरूको क्षमता वृद्धि वारेमा छलफल गर्ने,
* प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, तहका पदमा कर्मचारीको पदपूर्तिका लागि निर्माण हुने नियम, मापदण्ड, कार्यविधि र पाठ्यक्रम आदिका विषयमा सहभागीहरूबाट सुझाव संकलन गर्ने ।

**गोष्ठीमा सरोकारवालाबाट उठेका विषयहरु,**

* प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीसंग सम्वन्धित ऐन, नियम निर्माण गर्न ढिला हुँदा कर्मचारीहरूको वृत्ति विकासमा अन्यौल भई मनोवल कमजोर भएको,
* स्थानीय तहरुमा कर्मचारीहरुको दरवन्दी संरचना नमिलेको, पदपूर्ति कम भएको, संघको दरवन्दीबाट पठाइएका प्रमुख प्रशासकीय अधिकृतहरू छिटो छिटो फेरवदल भइरहदा स्थानीय तहहरुको कार्यसम्पादनमा बाधा परेको,
* एउटै तहमा निश्चित अवधि वसेपछि कर्मचारीले चाहेको अवस्थामा सरूवा हुन पाउने एवं सरूवा गर्ने प्रावधान सहितको कानून वन्नुपर्ने माग रहेको, संघीय संरचना पछि प्रदेश र स्थानीय तहहरूमा समायोजन भएका कर्मचारीहरूलाई तत् तत् स्थान कार्यालयको कामको प्रकृतिसंग मिल्दोजुल्दो तालिमको व्यवस्था नभएकोले कर्मचारीलाई कार्यसम्पादन गर्न कठिनाइ भएको,
* जनप्रतिनिधि र कर्मचारी बीचमा एक अर्कालाई हेर्ने, बुझ्ने र सहयोग गर्ने वातावरणको विकास नभएकोले दुवैले अप्ठारो महसुश गरेको, केही स्थानीय तहले कर्मचारीलाई थप प्रोत्साहनका व्यवस्था गरेका तर अधिकांश स्थानीय तह र प्रदेश सरकारबाट आफ्ना कर्मचारीहरूलाई कुनै पनि प्रोत्साहन, सुविधा दिने नीति नियम र निर्णय हालसम्म नभएकोमा कर्मचारीहरूबाट गुनासाहरू सुनिएको ।

**८. आयोगका वैठक तथा निर्णयहरु**

हालसम्म प्रदेश लोक सेवा आयोगका ८ वटा वैठकबाट २४ वटा निर्णयहरू भएका छन्। मुख्य मुख्य निर्णयहरू देहायका विषयमा भएका छन्।

* दक्ष/विज्ञ/विशेषज्ञको विवरण संकलन गर्ने सम्वन्धमा,
* प्रदेश लोक सेवा आयोग नियमावली २०७६ को मस्यौदा उपर सरोकारवालासंग सुझाव संकलन गर्ने सम्वन्धमा,
* आयोगको भावी कार्य दिशा सम्वन्धमा प्रदेश सरकारसंग अन्तरक्रिया गर्ने सम्वन्धमा,
* आयोगको सांगठनिक संरचना प्रदेश सरकार समक्ष स्वीकृतिका लागि पेश गर्ने सम्वन्धमा,
* प्रदेश लोक सेवा आयोग ऐन २०७६ मा आवश्यक संशोधनका लागि सुझाव पठाउने सम्वन्धमा,
* प्रदेश सरकारका जिल्ला स्थित कार्यालयहरू र स्थानीय तहहरूसंग अन्तरक्रिया गोष्ठि संचालन गर्ने सम्वन्धमा,
* प्रदेश सरकार र स्थानीय तहहरूमा कार्यरत सरकारी कर्मचारीको कार्य विवरण र शैक्षिक योग्यता माग गर्ने सम्वन्धमा,
* प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ स्वीकृत गर्ने सम्वन्धमा,
* पाठ्यक्रम निर्माण समितिको संयोजक तोक्ने सम्वन्धमा,
* आयोगको आचार संहिता स्वीकृत गरी लागू गर्ने सम्वन्धमा ।

**९. आ.व. २०७६।७७ को वार्षिक कार्यक्रम र हालसम्मको प्रगतिको अवस्था**

* यस आयोगको वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश सरकार तथा मातहतका निकाय, कार्यालय र स्थानीय तहसँग अन्तरक्रिया, गोष्ठि तथा कार्याशाला सञ्चालन,
* पाठ्यक्रम निर्माण सम्वन्धी अन्तरक्रिया गोष्ठी, कार्याशाला सञ्चालन,
* विज्ञहरूको रोष्टर तयारी, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका तर्जुमा,
* वुलेटिन, व्रोसर तथा पुस्तक प्रकाशन,
* पदाधिकारी तथा कर्मचारीहरूको Exposure भ्रमण,
* कार्यालयको मेसिनरी सामान र फर्निचर व्यवस्थापन,
* सवारी साधन खरिद,
* उल्लिखित कार्यक्रमहरू मध्ये अर्धवार्षिक अवधिसम्म प्रशासनिक खर्च तर्फ १८.९० प्रतिशत, पूँजीगततर्फ १२.२३ प्रतिशत र कार्यक्रमतर्फ ९.७४ प्रतिशत प्रगति भएको अवस्था छ ।

## कर्मचारी प्रशासनमा लोक सेवा आयोगः अभ्यास, उपलब्धि र सुधार

केशव घिमिरे
अधिकृतस्तर सातौं

**विषय प्रवेश**

सार्वजनिक प्रशासनको स्तरीयतामा सरकारको प्रभावकारिता निर्भर गर्दछ । राज्य क्रियाशीलताको आधार नै प्रशासन हो, जसले एकातर्फ राज्य र जनताबीचको सम्बन्ध सेतुको काम गर्दछ भने अर्कोतर्फ राज्यद्धारा स्थापित इच्छा र मूल्यलाई संस्थागत बनाउने काम गर्दछ । त्यसैले कुनै पनि मुलुकको सरकारले आफ्नो संयन्त्रलाई कसरी छान्ने र कसरी दक्ष, प्रभावकारी र उच्च अभिप्रेरित बनाई राख्ने भन्ने विषयमा प्राथमिकता दिएको हुन्छ । प्रशासनको प्रभावकारिता नै सुशासनको आधार भएकाले कर्मचारीको छनौट विधि योग्यतामूलक, निष्पक्ष र वस्तुनिष्ठ हुनुपर्दछ भन्ने विषयमा विवाद छैन ।

तर सार्वजनिक क्षेत्रमा कर्मचारी नियुक्तिको विषय निकै संवेदनशील रहँदै आएको छ । इतिहासका कालखण्डमा सरकारी संयन्त्रभित्र कर्मचारी नियुक्तिका लागि विभिन्न प्रकारका आधार र कार्यविधिहरु अपनाएको पाइन्छ भने उन्नाईसौं शताब्दीदेखि योग्यता प्रणाली प्रचलनका आएको देखिन्छ । त्यस्तै कर्मचारी भर्ना छनोटका लागि सरकारलाई विश्वास नगरी सरकार भन्दा बाहिर स्वायत्त निकायलाई जिम्मा दिई छनोटका वस्तुगत आधार र निष्पक्ष कार्यविधि अपनाउँदै आएको पाइन्छ, ताकि सार्वजनिक सेवाको पद र ओहोदामा सबैको समान अधिकार र पहुँच स्थापित होस् र प्रणालीले वैधता पाओस्।

### नेपालमा लोक सेवा आयोगको विकासक्रम

नेपालमा लोक सेवा आयोगको इतिहास केलाउँदा प्रशासनको विकासक्रमलाई पनि केलाउनुपर्ने हुन्छ । प्रशासनको इतिहास नेपालको एकीकरण पछि मात्र शुरु भएको मानिन्छ । नेपाल एकीकरण पछि “थरघर” (पृथ्वीनारायण शाहलाई सहयोग गर्ने ६ थरका व्यक्तिहरु) ले नै त्यस बखतको प्रशासनमा महत्वपूर्ण हैसियत राख्दथे । उक्त व्यक्तिहरुबीच नै कार्यकारी अधिकार र कार्यविभाजन पनि थियो । साथै जंगी र निजामती प्रशासनबीच स्पष्ट विभाजन थिएन । ततपश्चात वि.सं. १९०३ मा कोतपर्व पश्चात जहानिया राणाशासन शुरु भए देखि एक शताब्दीसम्म नेपालको राजनैतिक तथा प्रशासनिक इतिहास अँध्यारो काल खण्डमा व्यतीत हुन पुग्यो । राणाशासनको उत्तरार्धमा कर्मचारी छनोटका लागि दर्खास्त परिषद र योग्यता निर्धारणका लागि चारपासका आधार तोकिए तापनि प्रशासन भने पजनी प्रथाबाट नै चल्ने गर्दथ्यो । प्रजातन्त्रको स्थापना पश्चात् नेपालको अन्तरिम शासन विधान, २००७ को भाग ५ मा पब्लिक सर्भिस कमिसनको व्यवस्था भई वि.सं. २००८ असार १ मा पहिलो पटक उक्त कमिसनको व्यवस्था गरियो । विसं २०१३ मा निजामती सेवा ऐन लागू भएपछि निश्चित वार्षिक तलब पाउने कर्मचारी कमिसनको सिफारिस बिना नियुक्त हुन नपाउने व्यवस्था भई २०१४ मा आयोगबाट परीक्षा लिन थालियो । नेपाल अधिकाराज्यको संविधान २०१५ ले लोक सेवा आयोगलाई संवैधानिक मान्यता दिए पनि तत्कालीन राजनीतिक अस्थिरताको फाइदा उठाउँदै २०१७ देखि २०४७ सम्म आयोगको कार्यक्षेत्रमाथि अतिक्रमण गरियो, सरकार निर्माता नै राजा भएपछि सरकारको संयन्त्र प्रशासनमाथि दरवारबाट स्वाभाविक रुपमा अतिक्रमण हुन थाल्यो । उच्चपदहरुमा दरवारको सामीप्यताका आधारमा नियुक्ति गरिने प्रचलन भएकाले आयोगको भूमिका खरिदार र सुब्बा सम्मको परीक्षा संचालनमा मात्र प्रभावकारी रह्यो । कतिपय अवस्थामा आयोग योग्यता प्रणालिको मूकदर्शक बन्न बाध्य थियो । प्रजातन्त्रको पुनस्थापना पश्चात लोक सेवा आयोग कार्यविधि ऐन २०४८ र लोक सेवा आयोग कार्यविधि नियमावली २०५० लागू गरियो । साथै निजामती सेवा ऐन २०४९ र नियमावली २०५० कार्यान्वयन पश्चात् कर्मचारी छनोटमा आयोगलाई स्वायत्तता र स्वतन्त्रता दिइएको पाइन्छ । यस पश्चात लोक सेवा आयोगबाट हुने पाठ्यक्रम निर्माण, परीक्षा

संचालन, उत्तरपुस्तिका परीक्षण, अन्तरवार्ता तथा सिफारिस लगायतका कामहरुमा नागरिकहरुको विश्वास बढिरहेको छ। देशमा भएको राजनैतिक परिवर्तनसँगै हालका दिनहरुमा लोक सेवा आयोगको संरचनालाई ब्यापक र विस्तार गर्न खोजिएको छ। सो अनुसार वर्तमान संविधानले तीन तहको राज्य संरचना गरेसँगै कर्मचारीहरुको भर्ना तथा छनोटको लागि संविधानको धारा २४४ अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरिएको छ तथा उक्त आयोगलाई प्रदेश तथा स्थानीय तहमा आवश्यक पर्ने कर्मचारीहरुको भर्नाका लागि परीक्षा संचालन गरी सिफारिस गर्ने, नियुक्ति, बढुवा, र विभागीय कारवाही सम्वन्धमा परामर्श लगायतका अधिकारहरु प्रयोग गर्ने गरी आधार तथा मापदण्डहरु निर्धारण गरिएको छ। सो अनुसार हालका मितिसम्म प्रदेश २, ३ र ५ मा प्रदेश लोक सेवा आयोग गठन भई कार्य अगाडि बढाइएको अवस्था छ।

## आयोगको कार्य प्रणालीको समीक्षा

सरकारको कर्मचारी व्यवस्थापनका कार्य मध्ये निजामती सेवाको पदमा उम्मेदवारको उपयुक्तता परीक्षणको कार्य लोक सेवा आयोगले गर्दै आएकाले यसको निष्पक्षतामा कहिल्यै प्रश्न उठेको छैन। त्यसैले होला विगतमा निजामती सेवाको मात्र परीक्षा संचालन गर्दै आएको आयोगलाई अन्तरिम संविधान २०६३ ले अन्य सरकारी सेवा र सार्वजनिक संस्थासम्म भूमिका खेल्न कार्यक्षेत्र विस्तार गरेको छ। आयोगको संलग्नता भए मात्रै पनि निष्पक्षता हुन्छ भन्ने स्थापित जनविश्वासका कारण आयोगको साख विस्तार भएको छ। अहिले आयोग निजामती सेवाका अतिरिक्त नेपाल प्रहरी, सशस्त्र प्रहरी, सैनिक, स्थानीय निकाय र कतिपय संस्थाका विभिन्न स्तर र आयतनमा संलग्न भई योग्यता प्रणाली र निष्पक्षताको प्रर्वद्धन गर्न क्रियाशिल छ। आयोगका निष्पक्षताका आधारहरुमा संविधानमै उसको कार्य तथा अधिकारहरु परिभाषित गरिनु, आयोगले आफै कार्यप्रणाली निर्धारण गर्न सक्ने स्वायत्तता रहनु, कार्यक्षेत्र विस्तार हुनु, अन्य निकायले आयोगको कार्यप्रक्रिया अपनाउन थाल्नु, परीक्षाको निष्पक्षताको लागि Multiple blinds system को अवलम्बन गरिनु, प्रश्नपत्र निर्माण, परिमार्जन तथा परीक्षणमा वस्तुपरकता हुनु जस्ता कार्यप्रक्रियालाई लिन सकिन्छ।

## आयोग सुधार सम्भावनाका क्षेत्रहरु

आयोगको हालसम्मको कार्यप्रणाली समीक्षा गर्दा निम्न सुधार संभावनाका क्षेत्रहरु पहिल्याउन सकिन्छ। लोक सेवा आयोग भनिएतापनि काम निजामती सेवा आयोगमा सीमित तथा यसको हैसियत परामर्शदातृ रहे तापनि परामर्श नमान्दा के हुने स्पष्ट व्यवस्था नभएको। आयोगले आफ्ना कमजोरिबाट सिक्न सकेको छैन तथा Core कामलाई ऐच्छिक र Non-Core लाई प्रमुख सम्झनु। योग्यता प्रणालीको कमजोर संरक्षक जस्तो सेवार समुह परिवर्तनको चोरबाटो अपनाउँदा केही गर्न नसक्नु र कतिपय अवस्थामा प्रक्रियामा साक्षी मात्र बस्नु। पदाधिकारीहरु नियुक्तिमा राजनितिकरण र योग्यभन्दा आफ्ना मानिसलाई पुरस्कृत गर्ने प्रचलन रहनु साथै आयोगको भबिष्यको मागचित्र, चुनौति कसरि लिने र सरकार सँग संवाद, सहयोग र सन्तुलन कसरि गर्ने भन्ने विषय अन्योल रहनु लगायतका चुनौतिहरु रहेका छन।

अन्तमा,

राजनीतिक नेतृत्व तथा मन्त्रीहरुको हुकुमी संस्कार अनुसार नयाँ आवरणमा सेवा समूह परिवर्तनको छड्के बाटोबाट आफ्ना मानिसलाई माथिल्लो पदमा पुर्याउने छिटफुट प्रयास तथा सत्ता र शक्तिका समीपमा रहेकाहरुलाई विना आवश्यकता, आधार र विनाप्रतिस्पर्धा सेवा परिवर्तन गर्ने क्रमले योग्यता प्रणालीमाथि नै प्रश्न उठिरहेको छ। आयोगको सहमति बेगर भएका यस्ता प्रयासमा आयोगले आफ्ना असहमति जनाउँदै आफ्ना वार्षिक प्रतिवेदनमा यस्ता कुराहरु समावेश गर्दै संसदिय समितिहरुको दरिलो सहयोग मार्फत आयोगबाट औंल्याइएका विषयहरु समीक्षा तथा सम्बोधन गर्न सकिएमा नातावाद, कृपावाद र फरियावादबाट सरकारी सेवालाई बचाई सार्वजनिक निकायमा सर्वसाधारणको सहज पहुँच स्थापना गरी योग्यता प्रणालीको

# सूचना प्रविधि तथा यसको प्रयोग

वेद प्रसाद सुवेदी,
कम्प्युटर अधिकृत

ध्वनि, तस्बीर, अक्षर तथा अंकको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू, कम्प्युटर तथा दुरसञ्चार प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण, संग्रह र प्रवाहलाई सूचना प्रविधि भनिन्छ। अर्थात् सूचनाको संकलन, सम्प्रेषण, एवं सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा संचार प्रविधि भन्ने गरिन्छ।

कम्प्युटरको विकासबाट सूचना प्रविधिको क्षेत्रमा भएको गुणात्मक फड्को कम्प्युटरकै सेरोफेरोमा अझ बढ्दै गएको छ। कम्प्युटर आज आएर यति लचिलो भइसकेको छ कि दूरसञ्चार, सञ्चार माध्यम, बैकिङ्ग, व्यापारिक जुनसुकै प्रयोजनका लागि यसको प्रयोग वाञ्छनीय हुन पुगेको छ।

आजको युग सूचना प्रविधिको युगको नामले पनि चिनिन्छ। युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवं अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ। इन्टरनेट सेवाले विश्वभर छरिएर रहेका हरेकलाई एकआपसमा जोड्ने सेतुको कार्य गरेको छ। विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न तथा आफ्ना प्रतिक्रियाहरू पनि तुरुन्तै प्रदान गर्न सकिन्छ।

कम्प्युटरको प्रयोग,

कम्प्युटरलाई नेपालीमा सुशांख्य भनिन्छ। कम्प्युटर भन्ने शब्दको उत्पति अंग्रेजी शब्द "Compute" बाट भएको हो। कम्प्युटरको उत्पत्ति सुरुवाती दिनहरुमा गणितीय गणना समाधान गर्न विकसित भएको पाइन्छ, किनकि अंग्रेजी भाषामा "Compute" को अर्थ गणना अर्थात् हिसाब किताब गर्ने भन्ने बुझिन्छ।

कम्प्युटरको पिता भनेर Professor Charles Babbage लाई भनिन्छ। बेबेज गणितका प्रोफेसर थिए। प्रयोगकर्ताले दिएको निर्देशनको विश्लेषण गर्न सक्ने Difference Engine बनाएका थिए तर यो मेसिन सफल भएन। सुरु गरेको प्रोजेक्ट बन्द भएपछि चार्ल्सले धेरै पछि अर्को प्रोजेक्ट सुरु गरे जसको नाम थियो Analytical Engine। यही नै आजको कम्प्युटरको सुरुवात थियो। उनैको सिद्धान्तको आधारमा आजको कम्प्युटरले काम गरिरहेको छ।

बि.सं. २०२८ सालमा तत्कालीन सरकारले जनगणना गर्नको लागि दोश्रो पुस्ताको कम्प्युटर IBM-1401 प्रति महिना रु. १ लाख २५ हजार भाडा तिर्नेगरी नेपालमा भित्र्याएपछि कम्प्युटरको शुरुवात भएको हो। त्यस बेलाको जनसंख्या १ करोड १२ लाख ५० हजार गणना गर्न यस कम्प्युटरलाई १ वर्ष ७ महिना १५ दिन लागेको थियो। बि. सं. २०२८ भन्दा अगाडि अर्थात् वि. सं. २०१८ को जनगणना गर्न Facit नामक Calculating Device को प्रयोग गर्ने गरिएको थियो। उक्त समयमा नेपालको जनसंख्या करिव ९६ लाख थियो र Facit Calculating Device ले जनसंख्या गणना गर्दा झण्डै ६ वर्ष ६ महिना लागेको थियो भने त्यसबाट विभिन्न त्रुटिहरु देखिएकोले राष्ट्रलाई ठूलो नोक्सान हुनपुग्यो जसले गर्दा

पञ्चवर्षीय योजना कार्यान्वयनमा पनि बाधा परेको थियो ।

बि. सं. २०३१ पौष १५ मा IBM-1401 कम्प्युटरलाई नेपाल सरकारले फिर्ता नपठाई आफैले किन्ने बिचार गरी एउटा छुट्टै Electronic Data Processing Centre नामक कार्यालय स्थापना गरी त्यही राखियो । उक्त कार्यालय स्थापना कालको ६ वर्षपछि बि. सं. २०३७ मा National Computer Centre मा परिवर्तन गरियो ।

बि. सं. २०३८ सालमा जनगणना गर्नको लागि IBM-1401 भन्दा द्रुत गति तथा बढी भरपर्दो कम्प्युटर चौथो पुस्ताको ICL 2950/10 नामक कम्प्युटर नेपालमा ल्याइयो । यो कम्प्युटर UNDP र UNFPA को सहयोगमा Britain बाट झिकाइएको थियो । जसको मूल्य २० लाख अमेरिकी डलर थियो । यस कम्प्युटरमा ६४ वटा Terminal हरु जडान गरिएका थिए । २०३८ सालको जनगणना गर्न यस कम्प्युटरलाई १ वर्ष ३ महिना लागेको थियो । यी कम्प्युटरहरु हालसम्म पनि बिघटित राष्ट्रिय कम्प्युटर केन्द्रमै रहेका छन्।

नेपालमा कम्प्युटर सहीरूपमा सञ्चालन गर्न दक्ष जनशक्ति नभएको कारण British सरकारले रष्ट्रिय कम्प्युटर केन्द्रका कर्मचारीहरूलाई कम्प्युटरको तालिमको व्यवस्था गरी तालिम पछि Graduate, Post Graduate तथा Diploma सरहको Certificate पनि प्रदान गऱ्यो । कम्प्युटर आज हामी सबैको अनिवार्य आवश्यकता भैसकेको छ । अझ यसलाई हाम्रो जीवनको अभिन्न भाग हो भन्दा पनि फरक पर्दैन ।

कम्प्युटरलाई आवश्यकता अनुसार विभिन्न क्षेत्रको काम गर्नसक्ने बनाउन र विभिन्न क्षेत्रमा काम लगाउन सकिन्छ । सिंगो कम्प्युटर एक्लै चलाउन सकिन्छ भने विभिन्न अन्य उपकरणहरूलाई संचालन र नियन्त्रण गर्नमा पनि यसको उपयोग हुन्छ । यसले ससाना देखि लिएर ठूलाठूला जटिल र झन्झटिला कामहरू नथाकीकन सही ढंगले निरन्तर गर्दछ । मानिसले गर्ने काममा अन्जानमै गल्तीहरू हुने सम्भावनाहरू धेरै हुन्छन् तर कम्प्युटरलाई सही तथ्यांक र सही निर्देशन दिएमा यसले गल्ती गर्दैन ।

आधुनिक जमानामा सूचना प्रणाली (Information Technology) को विकास भै विश्वब्यापी रूपमा यसले बजार मात्र लिन सकेको होइन कि ब्यापक लोकप्रियता पनि हासिल गरेको छ । इन्टरनेटको आविस्कारबाट इकमर्स सम्भव भयो ।


सूचना प्रविधिको व्यापकता

अब मानिसले घर बसी बसी विश्वको कुनैपनि ठाउँबाट चाहिएको बस्तु हेर्न, मोलतोल गर्न र किन्न पनि सक्ने भयो ।

इन्टरनेट र इमेलको प्रयोगबाट छोटो समयमा, सस्तो मोलमा विश्वका कुनाकुनामा समाचार आदान प्रदान गर्न सकिने भएको छ । भूउपग्रहभित्र र पृथ्वीमा रहने भूउपग्रह केन्द्रको कन्ट्रोलरूममा रहने कम्प्युटरले एक सेकेण्डमा हजारौ भागमा सूचना आदान प्रदान गर्न भएकोले अत्याधुनिक सूचना प्रविधिहरूको विकास गर्न सम्भव भएको छ ।

प्रदेश लोक सेवा आयोगमा सूचना प्रविधिको प्रयोग,

सूचना प्रविधिको वढ्दो प्रयोग तथा मागका कारण प्रदेश लोक सेवा आयोग गठन भएलगत्तै समय सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रूपमा सूचना प्रविधिको प्रयोग गर्न सकिन्छ भनी आफ्नो सूचनाहरू सेवाग्राही तथा सम्वन्धित सवैलाई जानकारी दिनको लागि वेवसाइट (www.ppsc.p5.gov.np) तथा सूचना आदान प्रदान गर्नका लागि इमेल (loksewa.p5@gmail.com) ठेगाना तयार गरिएको छ । आयोगले प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परिक्षण, अन्तर्वार्ता, मनोबैज्ञानिक व्यक्तित्व परीक्षण, पाठ्यक्रम निर्माण लगायतका कामका लागि सम्वन्धित बिषयका आवश्यक संख्यामा दक्षहरूको नाम समावेश गर्नको लागि दक्ष र विशेषज्ञहरूको रोष्टर फाराम अनलाइनमै तयार गरिएको छ (www.ppsconline.p5.gov.np)। आयोगले उनीहरूलाई गोप्यरूपवाट कुनै खास प्रकारको छनौट कार्यको लागि तोक्न सक्नेछ । यो कार्य सफल भएपश्चात आगामी दिनहरूमा उम्मेदवारहरूको परीक्षाको दरखास्त पनि अनलाइनबाटै संकलन गर्ने तयारी भइरहेको छ। विभिन्न सेवा समूहका पदहरूको विज्ञापनहरु, परीक्षासम्वन्धी विभिन्न जानकारी, नतिजा प्रकाशन लगायत सवै प्रकारका जानकारी वेवसाइटबाटै दिने गरी पूर्वाधार विकास गरिदै छ । यसले सेवाग्राही तथा सम्वन्धित सवैलाई छिटोमाध्यमबाट सही सूचना प्रदान गर्न सहयोग पुऱ्याउने छ भन्ने आशा लिइएको छ ।

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा तथा प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरु सञ्चालन गर्नु प्रदेश लोक सेवा आयोगको मुख्य कार्य हो भने त्यस कार्यमा सहजीकरण गर्न सूचना प्रविधिको प्रयोग एक कोसेढुंगा सावित हुनेछ । OMR प्रविधि प्रयोग गरी वस्तुगत प्रश्नमात्र हुने पदको परीक्षाको लागि होस् वा बढी आवेदन पर्ने पदहरूको हकमा Screening Test गरी प्रारम्भिक चरणको परीक्षामा उत्तीर्ण हुनेहरुमात्र अर्को मूल परीक्षामा संलग्न हुन पाउने व्यवस्था गर्ने सोच राखिएको छ । सीप परीक्षण कार्यमा होस या मनोवैज्ञानिक परीक्षणको लागि होस् आधुनिक सूचना प्रविधिको प्रयोग गरी स्वच्छ र निष्पक्ष रुपमा परीक्षाहरु सञ्चालन गरेर योग्यताका आधारमा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्ने र प्रदेश सार्वजनिक प्रशासनलाई क्षमतावान् कर्मचारीको माध्यमबाट समयानुकूल रुपान्तरित सक्षम, सुदृढ र सेवामुखी वनाउने प्रदेश लोक सेवा आयोगको मुख्य उद्देश्य रहेको छ ।

## आयोगका पदाधिकारी एवं कर्मचारीहरु

| | |
|---|---|
| माननीय प्रा. डिलाराम भट्टराई | - अध्यक्ष |
| माननीय बाबुराम गौतम | - सदस्य |
| श्री तारा प्रसाद भट्टराई | - सचिव (सरुवा भै जानुभएको) |
| श्री सूर्य प्रसाद भुसाल | - नि. सचिव (अधिकृत दशौं तह) |
| श्री केशव घिमिरे | - अधिकृत सातौ तह |
| श्री शिवहरी ज्ञवाली | - अधिकृत छैठौं तह |
| श्री वेद प्रसाद सुवेदी | - कम्प्युटर अधिकृत छैठौं तह |
| श्री सिता मरासिनी | - लेखा अधिकृत छैठौं तह |
| श्री पार्वती ज्ञवाली | - सहायकस्तर पाँचौ तह |



## विभिन्न गतिविधिका झलकहरु



अध्यक्षज्यूको सपथ ग्रहण



सदस्यज्यूको सपथ ग्रहण


सदस्यज्यूको स्वागतमा अध्यक्ष तथा नि.सचिवज्यू


आयोगका पूर्व सचिव श्री ताराप्रसाद भट्टराईज्यूको विदाईमा


प्रदेशस्तरको गोष्ठी


भैरहवा, रुपन्देही


परासी, नवलपरासी


परासी, नवलपरासी


तौलिहवा, कपिलवस्तु


तौलिहवा, कपिलवस्तु